निहेम्याह:
महान कामहरु कसरी गर्नु

पाष्टरीय तालीम पुस्तिका

२०

तालीम र वृद्धि

T&M ®

तपाईमा प्रभुको सेवा गर्ने, अनि उहाँको निम्ति महान कामहरु गर्ने इच्छा छ, होइन र !
म इमान्दारपूर्वक विश्वास गर्दछु कि निहेम्याहमाथिको यो छोटो अध्ययनले तपाईलाई उत्साहित पार्नेछ ।

चुनौती

ई. पू. ५८६ मा, राजा नबुकदनेजरले यरुशलेमको शहर नष्ट पारेर यहूदी राजकुमारहरुलाई कैदमा लग्यो । तर पनि, जसर ी प्रभुले प्रतिज्ञा गर्नुभए बमोजिम बेबिलोनी साम्राज्य ढल्यो, अनि विजयी पर्सियाको राजाले परमेश्वरका जनहरुलाई आफ्नो देशमा फर्कने अनुमति दियो । उनीहरु फर्किएको १०० वर्ष बितिसक्दा पनि, यरुशलेम नष्ट भएको अवस्थामा नै रहिरहच्यो ।

तर जब उनको आफन्त हनानी आए, निहेम्याह अझ पनि पर्सियामा नै थिए । उनी राजालाई दाखमद्य टक्रचाउने सेवामा थिए ।

व्यक्ति अनि उसको दर्शन

निहेम्याहलाई साह्रै ठूलो चोट लाग्यो। उनले विलाप गरे, शोक गर्दा लाउने कपडा लाए, उपवास बसे, अनि परमेश्वर लाई प्रार्थना गरे।

“हे परमप्रभु, स्वर्गका परमेश्वर, महान र भययोग्य परमेश्वर, तपाईलाई प्रेम गर्नेहरु र तपाईका आज्ञा पालन गर्नेहरुसंग तपाईले आफ्नो करार विश्वाससित राख्नुहुन्छ । इस्राएलका मानिसहरु, तपाईका दासहरुका पक्षमा रातदिन तपाईलाई गर्को मेरो विनम्र प्रार्थना सुन्न तपाईले आफ्नो काम थाप्नुहोस् र आँखा खोल्नुहोस् । तपाईको विरुद्धमा हामी सबै इस्राएलीहरुले गरेका पाप म स्वीकार गर्दछु । म र मेरा पिताको घराना पनि त्यसमा दोषी छौं । तपाईले आफ्ना दास मोशालाई दिनुभएका आज्ञा, धर्म-विधि र नियमहरुलाई पालन नगरेर हामीले तपाईको विरुद्धमा घोर अपराध गरेका छौं ।

आफ्ना दास मोशालाई यसो भनेर आज्ञा गर्नुभएको वचन सम्झनुहोस्, ‘यदि तिमीहरु अविश्वासी भयौ भने म तिमीहरुलाई जाति-जातिहरुका बीचमा तितरबितर पार्नेछु, तर तिमीहरु मतिर फर्क्यौ र मेरा आज्ञाहरु पालन गऱ्यौ भने पृथ्वीको पल्लो छेउसम्म पनि कैदमा रहेका तिमीहरुका निर्वासित मानिसहरुलाई म भेला गर्नेछु, र मेरो नाउँको वासस्थान हुन मैले छानेको ठाउँमा म तिनीहरुलाई फर्काएर ल्याउनेछु ।’

तपाईले आफ्नो महाबल र शक्तिशाली हातद्वारा उद्धार गर्नुभएका तिनीहरु तपाईका दासहरु र तपाईका प्रजा हुन् । हे परमप्रभु, तपाईको दासको विनम्र प्रार्थनामा ध्यानसित कान थाप्नुहोस्, र तपाईका नाउँको सम्मान गर्न प्रसन्न हुने तपाईका दासहरुको प्रार्थना सुन्नुहोस् । आज यस मानिसको उपस्थितिमा आफ्नो सेवकमाथि कृपा देखाई उसलाई सफलता दिनुहोस् ।" (निहेम्याह १:५-११)

केही महिना पश्चात परमेश्वरले निहेम्याहलाई एक अवसर दिनुभयो ।

निहेम्याह साह्रै डराएका थिए, अनि डराउनु पनि पर्थ्यो, किनकि त्यस समय, राजाहरु हामीलाई कसैले विष पिलाइहाल्छन् कि भनेर डराउने गर्दथे ।

राजाले निहेम्याहलाई यति असल ठान्दथे कि राजाले निहेम्याहको कुरा विश्वास गरेर सोध्यो: “मबाट तिमी के चाहन्छौ ?” धन्यवादीको हृदयसाथ, निहेम्याहले राजासंग आफ्नो दर्शन बाँडे

निहेम्याहले यति पत्यारलाग्दो पारामा बोले कि राजाले उनलाई जानको निम्ति मञ्जूरी, निर्माण सामाग्री र सुरक्षा दलहरु दिने, साथै राज्यपालहरुलाई पत्र पनि लेखिदिए ।

काम

यरुशलेम पुग्दा, निहेम्याहले रोडाहरुको माझमा बसेको झुप्रे शहर मात्र देखे । सम्पूर्ण रुपमा नष्ट भएको, त्यसमाथि पनि, मानिसहरु पराजित र निरुत्साहित भएका थिए ।

निहेम्याह एक शक्तिशाली व्यक्ति थिए, साथै होशियारी पनि थिए । यसैकारण उनले राती, बडो गुप्ती रुपमा, सम्पूर्ण शहरको निरीक्षण गरे ।

सबभन्दा पहिले कति काम गर्नु पर्ने रहेछ, त्यस अनुसारको योजना तयार पारेपछि, उनले यरुशलेमका निरुत्साहित व्यक्तिहरुलाई उत्साहित पार्ने काम गर्नु पर्ने प्रथम लक्ष्य राखे ।

मैले उनीहरुलाई परमेश्वरको अनुग्रही हाम ममाथि भएको अनि राजाले मलाई कस्तो आश्वासन दिनुभएको छ, त्यो पनि भनिदिएँ। उनीहरुले जवाफ दिए, "हामी पुनर्निर्माणको काम शुरु गरौं।" यसकारण उनीहरुले यो असल काम शुरु गरे।

(निहेम्याह २:१८)



मानिसहरुलाई उत्साहित पारेर उनले तिनीहरुलाई काममा लगाए। सम्भव भए जति स्रोतहरु जुटाएर तिनले हरेकलाई उत्साहित पारे।

हरेक झुण्डले उनीहरु जहाँ बसेका छन् त्यसैको अघिल्तिर उनीहरुले सक्ने ठाउँको सानो भागमा काम गरे।
पूजाहारीहरु, लेवीहरु अनि व्यवसायीहरु सबैले काम गरे।

कठिनाइहरु

यो सजिलो काम थिएन । यरुशलेम पुनर्निर्माण भएको देख्न नचाहने छिमेकी राजकुमारहरुबाट विरोध आयो । उनीहरुले आक्रमण गरे कामलाई नष्ट पार्ने धम्की दिए ।

तर निहेम्याह लुत्रुक्क परेनन् ।

"त्यस दिनदेखि उसो मेरो अधीनमा भएका आधा मानिसहरुचाहिँ निर्माण गर्ने काममा लागे, र अर्को आधाचाहिँ आफ्ना भाला, ढाल, धनु र झिलम लिएर तयार भइरहे ।... भारी बोक्ने मजदूरहरुको एउटा हात काममा र अर्को हात आफ्नो हतियारमा हुन्थ्यो । र निर्माण गर्नेहरु आफ्नो तरवार भिरेर बनाउने काम गर्थे । तर तुरही फुक्नेचाहिँ मेरो छेउमा थियो ।" (निहेम्याह ४:१६-१८)



त्यहाँ बाहिरबाटको विरोध मात्र थिएन, तर केही आन्तरिक समस्याहरु पनि थिए । केही यहूदीहरुले अरु यहूदीहरुबाट लाभ उठाएका थिए । उनीहरुले तिनीहरुलाई पैसा वा अन्न सापटी दिँदा सम्पत्तिहरु बन्धकमा राखेका थिए । निहेम्याहले उनीहरुको विवेकलाई झकझकाए अनि उनीहरुले जवाफ दिए: *"हामी फर्काइदिनेछौं, र तिनीहरुबाट अरु केही लिनेछैनौं । तपाई जे भन्नुहुन्छ सो हामी गर्नेछौं ।"* (निहेम्याह ५:१२)

प्रतिफल

अनि, सबै प्रकारका विरोध र षडयन्त्रहरु हुँदाहुँदै पनि, उनीहरुले १०० वर्षमा गर्न नसकेको काम ५२ दिनमा सके अनि मानिसहरुले आनन्दित र आश्चर्यचकित बन्दै परमेश्वर लाई धन्यवाद दिन भेला भए अनि उनीहरुले जे गर्न सके त्यसको निम्ति प्रशंसा गरे ।



आशिष

निहेम्याहको कामको प्रतिफलमा, एक महान आत्मिकी जागृति आयो :

"सबै मानिसहरु पानी ढोकाका सामुको चोकमा एउटै मानिसजस्तै गरी भेला भए । परमप्रभुले इस्राएललाई आज्ञा गर्नुभएको मोशाका व्यवस्थाको पुस्तक ल्याउन तिनीहरुले शास्त्री एज्राालाई भने ।....

एज्राले पुस्तक खोले । सबै मानिसहरुले तिनलाई देख्न सके, किनकि तिनीहरुभन्दा तिनी उच्चमा खडा भएका थिए । जसै तिनले पुस्तक खोले, सबै मानिसहरु खडा भए । एज्राले पर मप्रभु महान परमेश्वरको प्रशंसा गरे, र सबै मानिसहरुले आ-आफ्ना हात उठाएर यसो भनेर जवाफ दिए, "आमिन, आमिन ।" त्यसपछि तिनीहरुले आ-आफ्नो शिर निहुराएर पर मप्रभुको सामुन्ने नम्रतापूर्वक दण्डवत गरे ।.... तिनीहरु आ-आफ्नो स्थानमा खडा भए र पहिलो एक पहरचाहिँ परमप्रभु तिनीहरुका परमेश्वरका व्यवस्थाको पुस्तक पढे । अनि तिनीहरुले अर्को एक पहरचाहिँ आ-आफ्ना पापको स्वीकार गर्दै परमप्रभु आफ्ना परमेश्वरको आराधना गर्दैरहे" ।

(निहेम्याह ८:१, ८:५-६, ९:३)

यो जागृतिले ता सामाजिक सुधारहरु पनि ल्याउन सफल भयो अनि परमेश्वरका जनहरुको निम्ति आशिषित भयो । यी सबै हुनको एउटै कारण थियो एक जना मानिसले परमेश्वर को स्वर सुने अनि आफैलाई उसको सम्पूर्ण सामर्थ्यसहित प्रभुको सेवामा समर्पित तुल्याए ।

के तपाई पनि उसको नमूना पछ्याउन चाहनुहुन्छ ? _____

निहेम्याहको जीवन उत्साहले पूर्ण छ, होइन र ! बाइबलको यस पुस्तकमा तपाईको ध्यान जाओस् भन्ने म चाहन्छु । अब, हामीले निहेम्याहबाट कुन सिद्धान्तहरु सिक्न सक्छौं, जसद्वार । हामीले पनि परमेश्वरको निम्ति महान कुरो गर्नसक्छौं ?

१. निहेम्याहले आफैलाई परमेश्वरको काममा पूर्ण रुपमा समर्पित गरे ।

अरु धेरैले पनि यरुशलेमको दुरावस्था देखेका थिए, तर निहेम्याहले मात्र हृदयभित्रैदेखि यसलाई स्वीकारे, यस्तो अवस्थाको कारण लज्जित भए, अनि यसको निम्ति केही गर्नलाई तयारी गरे ।

के तपाईमा पनि परमेश्वरका कुराहरुको निम्ति यस्तै बोझ छ ?

☐ ज्यू, छ ।

☐ अहँ, छैन ।

तपाईको हृदयमा कस्तो चुनौती प्रज्वलित भइरहेको छ ?

_____

_____

_____

_____

_____

२. निहेम्याहले यो अवस्थालाई प्रभुकहाँ ल्याए ।

निहेम्याहले आवेगमा आएर केही गरेनन् । उसले उभित्रको मनोव्यथा प्रभुकहाँ ल्याए । घुँडा टेकेर, रुँदै, उनले प्रार्थना गरे, अनि प्रभुले उसको हृदयभित्र यरुशलेमको पुनर्निर्माणको महान दर्शनको आगो सल्काउनुभयो ।

के तपाईले पनि तपाईभित्र भएको चुनौतीपूर्ण दर्शनलाई यसरी नै प्रभुकहाँ लानुभयो ? _____

३. निहेम्याहमा स्पष्ट अनि पूरा गर्नसकिने लक्ष्य थियो ।

"परमेश्वरको अघि, यरुशलेमको पर्खाल पुनर्निर्माण गर्नु नै मेरो नैतिक कर्तव्य हो ।" यही नै उसको लक्ष्य थियो । यो गाह्रो थियो, तर सम्भव थियो । त्यहाँदेखि उसो, त्यही लक्ष्य नै उसको जीवनको सम्पूर्ण उद्देश्य थियो ।

स्पष्ट लक्ष्य, अथवा हासिल गर्न सकिने उद्देश्य नभएर हाम्रा कतिपय सफलताहरु पनि हराएर गएका छन् !

तल दिइएका कुन चाहिँ उद्देश्य स्पष्ट र हासिल गर्न सकिने छ ? एक पाष्टर जसले भन्छ:

- ☐ म सारा संसारमा खीष्टको सुसमाचार पुऱ्याउन चाहन्छु ।
- ☐ म प्रभुको सेवा गर्न चाहन्छु ।
- ☐ मण्डली नभएका तीन छिमेकी क्षेत्रहरुमा म तीनवटा घरेलु संगतिहरु शुरु गर्न चाहन्छु ।

तपाईको काममा कस्ता लक्ष्यहरु तपाईले लिनुभएको छ ?

_____

के यी स्पष्ट छन् ?_____ के यी हासिल गर्न सकिन्छन् ?_____

४. निहेम्या थोरै कुराहरुमा विश्वासयोग्य थिए ।

येशूले भन्नुभयो : *"जो थोरै कुरामा ईमान्दार हुन्छ, त्यो धेरैमा पनि ईमान्दार हुन्छ"* (लूका १६:१०), अनि निहेम्याह यस्तै खालका व्यक्ति थिए ।

परमेश्वरको जन भएर पनि, निहेम्याहले लौकिक नोकरी गर्दथिए । उसले आफ्ना वरदानहरु प्रयोग गरे अनि आफ्नो चरित्र सुधारे, ताकि उनी राजाको "दाखमद्य" टक्रचाउने काममा नियुक्त भए– एउटा यस्तो काम जो राजाले पूर्ण रुपमा भरोसा गर्नसक्नेलाई मात्र दिइन्थ्यो । किनकि त्यति बेलाको समयमा राजालाई विष पिलाउनु भनेको राजनैतिक हतियार चलाउनु समान थियो ।

निहेम्याह यति असल कर्मचारी थिए, कि जस उसले आफ्ना आवश्यकता प्रस्तुत गरे, राजाले उसलाई चाहिएको सबै सहयोग प्रदान गरे ।

कति यस्ता व्यक्तिहरु छन् जसले महान कामहरु गर्न चाहन्छन्, तर आफ्नो लक्ष्यमा पुग्न सक्तैनन् किनकि तिनीहरुले जे गरिरहेका छन् त्यसमा विश्वासयोग्यतासाथ काम गरिरहेका हुँदैनन् ।

के तपाई हाल गरिरहेको काममा विश्वासयोग्य हुनुहुन्छ ? _____

के तपाईले सुधार ल्याउने प्रयास गर्नुभएको छ ? _____

तपाईको जीवनको यस भागलाई सुधार ल्याउन तपाईले के के गर्नुपर्ला ?

_____

_____

_____

यदि तपाई ससाना कुराहरुमा विश्वासयोग्य हुनुहुन्न भने, प्रभुले तपाईलाई महान कामहरु गर्नलाई अवसर दिनुहुन्न ।

५. निहेम्याहले होशियारीपूर्वक योजना गरे, अनि बुद्धिमानीपूर्वक आफ्ना अवसरलाई छोपे ।

जब अन्तमा निहेम्याहले राजासंग बोल्ने मौका पाए, निहेम्याहले उसलाई चाहिएको जत्ति मात्र राजालाई स्पष्ट रुपमा भन्न सके ।

एउटै प्रयासमा, उसले राजाबाट निम्न कुरा पाए:

- यात्राको निम्ति स्वीकृति,
- शिफारिस पत्र,
- पुनर्निर्माणको निम्ति काठपातहरु,
- अनि सुरक्षादल ।

यी सूचीहरु निश्चय पनि निहेम्याहले अन्तमा हतार हतार सोंचेका कुराहरु होइनन् । यरुशलेममा आएर पनि, काम शुरु गर्नलाई निहेम्याह व्याकुल भइहालेनन् ।

- उनले शान्त भावमा काम गरे (तीन दिन पर्खे)।
- उनले बुद्धिमानीपूर्वक (रातमा, चुपचाप निस्केर) काम गरे ।
- उनलाई सबै विषय कन्ठ थियो (हरेक कुरो नै व्यक्तिगत रुपमा अनि विस्तृत तौरमा हेरविचार गरेर)।

के तपाईले आफ्नो अवस्थालाई राम्ररी छानबीन गर्नुभएको छ ? _____

अझ प्रभावशाली ढङ्गमा जिम्मेवारीहरु बाँड्नलाई तपाईले के गर्न सक्नुहुन्छ ?

_____

_____

_____

तपाईको उद्देश्य पूरा गर्न के कस्ता योजनाहरु गर्नुभएको छ ?

६. निहेम्याहले उसलाई पछ्याउनेहरुलाई प्रेरित अनि गतिशील पारे ।

एक साँचो अगुवा त्यो व्यक्ति हो जसले आफ्ना लक्ष्यहरु अरुहरु मार्फत पूरा गर्दछ । उसले उनीहरुलाई प्रेरित गरेर, अनि उनीहरुले गर्नसक्ने कामको भाग गर्न दिएर त्यो हासिल गर्दछ ।

निहेम्याहको तेजिलो व्यक्तित्वको प्रभावमा परेर मानिसहरुले उनलाई उत्साहपूर्वक पछ्याए, अनि हरेकले आफ्नो वासस्थानको क्षेत्रमा पर्ने पर्खालको भाग निर्माण गरे ।

तपाई आफ्ना सहकर्मीहरुप्रति धाक जमाउने खालको हुनुहुन्छ कि प्रेरित गर्ने खालको हुनुहुन्छ ?

तपाईले जुन प्रकारले अगुवाइ गर्दै हुनुहुन्छ, के तपाईले त्यसमा केही परिवर्तन ल्याउने विचार गर्दै हुनुहुन्छ ? यदि हो भने, के हुन् ?

७. निहेम्याहले विरोधलाई पनि धैर्यपूर्वक सामना गरे ।

कठिन परिस्थिति आउँदा पनि एक असल अगुवाले त्यसै परित्याग गरिहाल्दैन । निहेम्याहलाई शहरभित्र र बाहिर दुवैपट्टिबाट सतावट आएको थियो, तर उनले आफ्नो कामप्रति भएको दर्शन, शक्ति र भक्तिलाई कायम र राखिरहे । येशूले भन्नुभयो:

"आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरका राज्यको योग्यको हुँदैन ।" (लूका ९:६२)

तपाईको काममा, के तपाई अन्त्यैसम्म लागिरहन तयार हुनुहुन्छ ? _____

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

020NP01A-01